## नेपाल विद्यावारिधि संघको बाह्रौ वार्षिक साधारण सभामा प्रस्तुत महासचिवको संगाठनिक प्रतिवेदन २०७८

**प्रस्तोता डा अलक बाबु प्रसाई**

नेपाल विद्यावारिधि संघको तेह्रौं वार्षिक साधारण सभामा आदरणीय अध्यक्षज्यू, कार्यसमितिका सदस्यज्यूहरु र सहभागी सम्पूर्ण आजीवन तथा साधारण सदस्यज्यूहरु, नेपाल विद्यावारिधी संघको तेह्रौं साधारण सभामा हार्दिक अभिवादन एवं नमस्कार ।

### १.० पृष्ठभूमि

नेपाल विद्याविरिधि संघ विभिन्न विधामा देश विदेशबाट विद्यावारिधि हासिल गरेको बौद्धिक व्यक्तिहरुको साझा संस्था हो । स्वदेशमा मात्र नभई विदेशी मुलुकहरुमा पेशा व्यवसाय गरी बसिरहनु भएकाहरुको बीचको दुरिलाई क्रमशः कम गर्दै एक आपसमा भएको ज्ञान, शिप र अनुभवको आदानप्रदान गरी समग्र मुलुक निमार्णको अभियानमा पनि उपस्थिति र सहभागिता देखाउन पनि आवश्यक हुन्छ। मिति २०६५ मंसिर ९ गते संघसंस्था दर्ता ऐन अनुसार नेपाल विद्यावारिधि संघ नामक संस्था जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत रुपमा दर्ता भएको सबैमा विदितै छ ।

नेपाल विद्यावारिधि संघ पनि कोभिड १९ को प्रभावबाट अछुतो रहन सकेन । विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को कारण नेपालको आर्थिक तथा सामाजिक जनजीवन प्रतिकुल असर परेको छ । थुप्रैले रोजगारी गुमाउनु परेको छ भने पर्यटन, व्यवसाय लगायत अन्य सबै क्षैत्रमा परेको असरसँगै विश्व जनसंख्याको करोडौं मानिसहरुलाई गरिबीको रेखामुनी ढकेलिदिएको छ । १६० देशका १५ लाख भन्दा बढी बालबालिकाहरु स्कूलबाट बञ्चित रहे भने विश्व अर्थतन्त्रलाई दोस्रो विश्व युद्धमा झै तहसनहस पारेको छ । थुप्रैले ज्यान गुमाए भने थुप्रैले दिर्घरोगको सामना गुर्नपरेको देखिन्छ । नेपाल जस्ता अति कम विकसित देशका गरिब जनताहरु अझै बढी मारमा परेको देखिन्छ ।

नेपाल विद्यावारिधि संघ जीवन्त एवं क्रियाशील छ । जसको फलस्वरुप आज हामी संघको तेह्रौं साधारण सभामा सहभागी भैरहेका छौं । वार्षिक साधारण सभाको मुलभूत काम भनेको अघिल्लो साधारण सभाबाट अगाडि सारिएको कार्य योजनाहरु एवं कार्यसमितिले वर्षभरिमा सम्पादन गरेका कामहरुको समीक्षा गरी आगामी वर्षको कार्ययोजना सहितको बाटो तय गर्नु हो । यसर्थ, यस साधारण सभाका यहाँहरुको गरिमामय उपस्थिति एवं छलफलबाट प्राप्त सुझावहरुको आधारमा मात्र अर्को साधारण सभा सम्मको भावी यात्रा तय सम्भव छ। हाम्रो जस्तो गरिवी, अशिक्षा, सामाजिक एवं साँस्कृतिक विभेदमा रुमलिएका गरिव र पिछडिएका वर्ग समुदायको पनि हामीमा आसा भरोसा छ । नेपाली समाजको यस्तै भरोसा, यहाँहरुको योगदानबाट पुरा हुनेछ भन्ने अपेक्षा लिएको छु ।

### २.० उद्देश्य

बौद्धिक नेपालीहरुको विचारको आदान प्रदान गर्ने साझा घरको रुपमा स्थापित यस संघले निम्नानुसारका विशिष्ट उद्देश्यहरु लिएको व्यहोरा यहाँहरुलाई विदितै छ ।

क) स्वदेश तथा विदेशमा छरिएर रहनुभएका विभिन्न विधामा विद्यावारिधि हासिल गर्नुभएका व्यक्तिहरु बीच सञ्जाल निर्माण गरी संघलाई त्जष्लप त्बलप को रुपमा स्थापित गर्ने ।
ख) देशमा विद्यमान समसामयिक मुद्दाहरुमा केन्द्रित रही प्राज्ञिक समुदाय, बौद्धिक वर्ग र विभिन्न सरोकारवालाहरु बीच छलफल एवं बहस र अन्तरक्रियाहरु सञ्चालन गरी प्राप्त राय सुझावहरु नीति निर्माण कर्तासम्म प्रस्तुत गर्ने ।
ग) विद्यावारिधि उपाधि प्राप्त हामी सबैले विभिन्न विशिष्टकृत विधाहरुमा गरेका अनुसन्धानमुलक कार्यहरुको ज्ञान र अनुभव एक आपसमा आदान प्रदान गर्ने र सामाजिक, आर्थिक र साँस्कृतिक लगायत देशको समग्र विकासमा टेवा पुर्याउन सहयोग गर्ने । यसका अतिरिक्त विज्ञ एवं बौद्धिक जमातको ज्ञान र शीपको उपयोग गर्न विभिन्न संघ संस्थाहरुसंग साझेदारी गर्ने ।

## ३.० नेपाल विद्यावारिधि संघमा आवद्धता

देशको उच्च वौद्धिक वर्गको रुपमा स्थापित हामी समाजको सकारात्मक परिवर्तनका लागि आफ्नो भूमिकाको खोजिमा छौं । एक्लो भूमिकालेभन्दा सामुहिक र संगठित भूमिकाले मुलुक निर्माणमा बढि योगदान पुर्याउन सकिन्छ भनेर यस संघमा संगठित र आवद्ध भएका छौं । यस भावनालाई मूर्तरुप दिन संघको उद्देश्य अनुसार ज्ञानको आदान प्रदान, अध्ययन अनुसन्धान, संजाल विस्तार र युवा वर्गलाई अध्ययन अनुसन्धान कार्यमा लाग्न प्रेरित गर्दै विद्यावारिधि उपाधि हासिल गर्न उत्प्रेरणा जगाउने जस्ता कार्यहरुलाई प्राथमिकताका साथ संचालन गर्दै आएका छौं । यसर्थ, यस संघमा संगठित भइ आफ्नो ज्ञान, शीप र क्षमतालाई अझ प्रगाढ बनाउँदै यसको समुचित उपयोगमा लाग्न हामी जो कोहीले पनि संकोच मान्नु पर्दैन । गत २०७७ वर्ष देखि नयाँ सदस्यता लिनुहुने आजीवन सदस्यहरुको नामवली यस प्रकार रहेको छ ।

१. डा. हिरालाल श्रेष्ठ
२. डा. भोलानाथ ढकाल

## ४.० सांगठनिक अवस्था

नेपाल  विद्यावारिधि संघको स्थापनाकालदेखि बर्तमान अवस्थासम्म आइपुग्न यस संघमा आवद्ध तपाई हामीहरुको ठूलो मेहनत र लगानी परेको छ । सम्पूर्ण सदस्यहरको विश्वास र भरोशा नै संघको आधारशीला बनेको छ । संघको आर्थिक आधारशीला भनेको सदस्यता शुल्क वापतको रकम, संस्थागत शुल्क तथा कार्यसमितिका साथीहरुबाट बेला बेलामा उठाइने सहयोग वा ऋृण हो र नेपाल सरकारबाट प्राप्त सहयोग रकम हो । साथै यस

संघले परामर्श सेवा बापत गरेको आर्जन र अन्य संघ संस्थाहरुको सहकार्यमा गरिने अन्तरक्रिया एवं गोष्ठिहरुका कारण आर्थिक रुपमा केही सहजता भएको छ । तथापि संघलाई आर्थिक रुपमा सबल, भरपर्दो र मजबुत बनाउन हाम्रो ध्यान केन्द्रित हुनु जरुरी छ । यद्दपी यस वर्ष परामर्श सेवा तथा नेपाल सरकारबाट आर्थिक सहयोग भने प्राप्त हुन सकेन ।

संघका सदस्यहरु लगायत अन्य PhD holder हरु संग नियमित सम्पर्क र सम्बन्ध, महत्वपूर्ण शहरहरुमा शाखा विस्तार, विदेशी मुलुकरुमा Chapter को गठन, Electronic तथा Print Media को माध्यमबाट सार्वजनिक गरिएका विभिन्न प्रचार सामाग्री तथा प्रकाशनहरु, विभिन्न समयमा आयोजना गरिएका समसामयिक मुद्दाहरु वा विषयहरुमा आधारित अन्तरक्रिया, गोष्ठिहरु र अध्ययन तथा अनुसन्धानमूलक गतिवितिहरु नेपाल विद्यावारिधि संघको उपस्थिति र जिवन्तताको पहिचान हुन् ।

नेपाल विद्यावारिधि संघको बाह्रौं वार्षिक साधारण सभा यता एक वर्षमा विभिन्न मितिहरुमा गरी ९ वटा भौतिकरुपमा तथा अनलाईन कार्यसमिति बैठकहरु सम्पन्न भएका छन् ।

## ५.० चुनौतिहरु तथा संभावना

विगत वर्षहरुको अनुभव र वर्तमान कोभिड १९ भाइरसले विश्व परिस्थितिलाई नै निकै ठूलो असर गरिरहेको अवस्थामा  हाम्रा सामु पनि धैरे चुनौतीहरुका साथै संभावनाहरु पनि देखिएका छन् ।

### चुनौतिहरु

- कोभिड १९ को कारणले देशको अर्थतन्त्रमा परेको प्रतिकुल प्रभाव यस विद्याविरिधि संघमा निश्चित रुपमा पर्यो । विभिन्न संघ संस्थासँग समन्वय गरी गरिने कार्यक्रमहरु पनि प्रभावित भयो भने अझै पूर्णरुपमा कोभिड निर्मल नहुन्जेल विद्यावारिधि संघ पनि प्रभावित हुने देखिन्छ ।
- आफ्नो पेशा र व्यवसाय गरेर देशका विभिन्न भागमा छरिएर रहेको वा Chapters मा आवद्ध सदस्यज्यूहरुका अनुसन्धान, श्रोत सामाग्री र सामाजिक योगदानको संकलन
- स्वदेश तथा विदेशमा रहनुभएका विभिन्न विधामा विद्यावारिधि प्राप्त बौद्धिक एवं विज्ञहरुको सञ्जाल निर्माण गरि संघमा आवद्ध गराई Think Tank को दायरालाई अझै बिस्तार गर्दै लानुपर्ने दखिन्छ ।

- सम्पूर्ण सदस्यहरुको विश्वास र भरोसा संघको आर्थिक आधारशिला भएता पनि संघलाई आर्थिक रुपमा सबल, भरपर्दो र मजबुत बनाउने ।

**सम्भावनाहरु तथा आगामि कार्य दिशा**

- नेपाल विद्याविरिधि संघलाई नेपाली समाज र अन्तराष्टिय समुदायका अगाडि एउटा प्रतिष्ठित Think Tank को रुपमा स्थापित गर्न सकिने ।
- संघमा आवद्ध सदस्यहरुको संलग्नता र निरन्तर प्रयासमा नेपाल विद्यावारिधि संघको केन्द्रीय कार्यालयहरुलाई Resourceful अनुसन्धान केन्द्रको रुपमा विकास गरी युवा पुस्तालाई अध्ययन अनुसन्धानमा उत्प्रेरित गर्ने ।
- Research Methodology, Proposal Writing, Macroeconomic Analysis, PhD help desk लगायतका कार्यक्रमहरुको विस्तार गरी अध्ययन अनुसन्धानको माध्यमबाट ज्ञान र शीपलाई अझ प्रगाढ बनाई आर्थिक सामाजिक विकासमा योगदान पुर्याउने ।
- विभिन्न विधामा विद्यावारिधि गरेका नेपालीहरु, विदेशमा रहेका PhD holder नेपालीहरु तथा विदेशीहरुबीच सम्बन्ध स्थापित एवं विस्तार गरी संघको विदेश सम्बन्ध र सञ्जाललाई प्रभावकारी एवं उपलब्धीमूलक बनाउन सकिने ।
- देशमा विद्यमान समसामयिक मुद्दाहरुमा केन्द्रित रही नीति निर्माणकर्ता, प्राज्ञिक समुदाय, बौद्धिक वर्ग र विभिन्न सरोकारवालाहरु बीच छलफल, बहस एवं अन्तरक्रियाहरु संचालन गरी प्राप्त राय सुझावहरु नीति निर्माणकर्तालाई पृष्ठपोषण गरी संघको चिनारीका साथै सामाजिक योगदान तथा प्रतिष्ठालाई संगैसंगै अगाडि बढाउने ।

अहिले कोरोना महामारीको कारण सबै देशमा आर्थिक, सामाजिक तथा प्राज्ञिक गतिविधि घटेका छन् । उत्पादन कम भएको छ, रोजगारी घटेको छ । यस्तो अवस्थामा यस विद्यावारिधि संघका सदस्य महानुभावहरुले गरेका विभिन्न क्रियाकलापहरुलाई यस विद्यावारिधि संघ सँग पनि जोडेर यसको गरिमा र प्रतिष्ठालाई अझै मजबूत तथा गतिशिल बनाउनु आउँदा वर्षका कार्य योजना हुनेछ ।